Australian Government Fair Work OMBUDSMAN

# रोजगारी अन्त्य गर्दा

कामदारले राजिनामा दिन सक्छ वा निष्कासित हुन सक्छ (निकालिनु)।

कुनै कामदारलाई हटाउन, रोजगारदाताले कामदारको कामको अन्तिम दिनको लिखित सूचना (notice) दिनुपर्छ। राजिनामा नदिने कामदारले लिखितरूपमा सूचना दिइरहनु पर्दैन- उनीहरूले मौखिकरूपमा भन्न सक्छन्।

## कति अवधिको सूचना?

रोजगारदाताले स्थायी कामदारलाई निम्न न्यूनतम सूचना अवधि दिनुपर्छः

| सेवाको अवधि | सूचना अवधि |
|---|---|
| 1 वर्ष वा कम | 1 हप्ता |
| 1 वर्षभन्दा बढी - 3 वर्ष | 2 हप्ता |
| 3 वर्षभन्दा बढी - 5 वर्ष | 3 हप्ता |
| 5 वर्षभन्दा बढी | 4 हप्ता |

यदि कामदार 45 वर्षभन्दा माथि उमेरको र रोजगारदाताकहाँ कम्तीमा 2 वर्ष काम गरेको भए उसले थप एक हप्ताको सूचना अवधि पाउँछ।

सामान्यतया कामदारहरूले उनीहरूको रोजगारदातालाई उस्तै अवधिको सूचना उपलब्ध गराउनु पर्छ जब उनीहरूले काम छोड्न चाहन्छन्। न्यूनतम सूचना अवधिबारे जान्नका लागि हाम्रो सूचना तथा रिडन्डेन्सी क्यालकुलेटर (Notice and Redundancy Calculator (https://calculate.fairwork.gov.au/EndingEmployment) ) प्रयोग गर्नुहोस् ।

कामदारले उनीहरूको तलब वा कार्यस्थलको अधिकार बारे प्रश्न सोध्दा वा उजुरी हाल्दा उसलाई निष्कासन गर्नु हुन्न।

रोजगारी अन्त्य गर्नेबारेमा हाम्रो छोटो भिडियो हेर्नुहोस्।



### यसपछि के गर्ने

- रोजगारी निष्कासन पत्रको हाम्रो नमूना (Termination of employment letter template) प्रयोग गर्नुहोस्। (DOCX 37.6KB) (www.fairwork.gov.au/ArticleDocuments/766/Termination-of-employment-letter-template.docx.aspx)

**Page reference No: 7196**

## Contact us

Fair Work Online: www.fairwork.gov.au

Fair Work Infoline: 13 13 94

Need language help?

Contact the Translating and Interpreting Service (TIS) on 13 14 50

Hearing & speech assistance

Call through the National Relay Service (NRS):

For TTY: 13 36 77. Ask for the Fair Work Infoline 13 13 94

Speak & Listen: 1300 555 727. Ask for the Fair Work Infoline 13 13 94

The Fair Work Ombudsman is committed to providing advice that you can rely on. The information contained on this website is general in nature. If you are unsure about how it applies to your situation you can call our Infoline on 13 13 94 or speak with a union, industry association or workplace relations professional. Visitors are warned that this site may inadvertently contain names or pictures of Aboriginal and Torres Strait Islander people who have recently died.